

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
**कलर भिजिटिङ कार्ड**
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३१८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर २४ गते सोमबार ❑ 9 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## मौलिक भाषा र संस्कृति सिकाउन निजी विद्यालयले जोड दिनुपर्छः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा २३ मंसिर

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले शिक्षा क्षेत्रमा राज्यको सहयोगी बनिरहेको निजी क्षेत्रले गुणस्तरीयता कायम गर्दै नेपाली भाषा र संस्कृतिलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको छ ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल, (प्याब्सन) कास्कीले मंसिर १९ गतेदेखि पोखरा रंगशालामा आयोजना गरेको प्याब्सन स्पोर्टस् मीट २०८१ समापन समारोहका प्रमुख अतिथि भट्टले देशप्रति गर्व गर्ने योग्य नागरिक उत्पादन गर्न निजी विद्यालयको भूमिका हुने उल्लेख गर्नुभयो । 'विद्यार्थीको आचरण निर्माण, अनुशासन र चरित्र निर्माण जस्ता कुरामा पनि निजी विद्यालयहरुले उत्तिकै ध्यान दिनु आवश्यक देखिन्छ । शिक्षा क्षेत्रमा राज्यको एक चौथाई भार



वहन गरेको निजी क्षेत्रले आफूप्रति सामाजिक विश्वास र आकर्षण बढाउन सकोस् भन्ने म शुभकामना व्यक्त गर्दछु।' उहाँले भन्नुभयो । समयानुकूल परिमार्जित शिक्षा उपलब्ध गराउनको लागि शिक्षकहरूलाई तहगत तालिम, शिक्षक तथा कर्मचारीलाई राज्यले तोकेबमोजिम श्रमको मूल्य प्रदान गर्नेतिर पनि निजी क्षेत्रको ध्यान जानुपर्नेमा उहाँले जोड दिनुभयो । सयौं विद्यार्थीहरूलाई खेलकुदमा जोडेर उनीहरुबीच स्वस्थ प्रतिस्पर्धा गर्ने अवसर यस्ता कार्यक्रमबाट मिल्ने भन्दै उहाँले निजी विद्यालयहरु राज्यका महत्वपूर्ण सहयोगी अंगका रुपमा रहेको उल्लेख गर्नुभयो । ' निजी क्षेत्रलाई सेवामुखी बनाउन राज्यका तर्फबाट नीतिगत विभेदको अन्त्य गरी सहुलियतहरु प्रदान गर्ने र लगानीमैत्री वातावरण सिजर्ना गर्न सरकारको ध्यान गएको छ ।' प्रदेश प्रमुख भट्टले भन्नुभयो- 'निजी विद्यालयहरुको संगठन र सरकारी संयन्त्रबीचको पारस्परिक विश्वास र सहकार्यमा जोड दिँदै अघि बढ्दा शिक्षा क्षेत्रको हित नै हुनेछ ।' नेपालको शिक्षाको विकासमा सार्वजनिक-निजी साझेदारी अवधारणाको शक्तिलाई विकसित गर्नुपर्नेमा सरकारले जोड दिएको उहाँको भनाई छ ।

प्रदेश प्रमुख भट्टले अबको युग प्राविधिक दक्षता युक्त मानिसहरुको युग भएकाले प्राविधिक ज्ञानसहितको शिक्षाको अब विकल्प रहने बताउनुभयो। शिक्षालाई प्रविधिसँग जोड्दै विद्यार्थीहरुलाई समय सुहाउँदो दक्ष नागरिक उत्पादनमा निजी विद्यालयहरु सफल हुने विश्वास पनि व्यक्त गर्नुभयो । विद्यार्थीहरुलाई सैद्धान्तिक ज्ञान मात्र नभई खेलकुदमा समेत उत्तिकै संलग्न गराउन जोड दिँदै भट्टले खेल क्षेत्रबाटै व्यक्ति र राष्ट्रले विश्वमाझ आफूलाई चिनाउने बताउनुभयो ।

## लामिछानेलाई चार दिन हिरासतमा राख्न अनुमति

**पोखरापत्र संवाददाता**
पोखरा २३ मंसिर

सहकारी ठगी एवम् सङ्गठित अपराधसम्बन्धी अनुसन्धानका क्रममा कास्की प्रहरीको हिरासतमा रहनुभएका पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप चार दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ।

म्याद थपका लागि लामिछानेलाई आइतबार



कास्की जिल्ला अदालतमा उपस्थित गराइएकोमा न्यायाधीश हिमलाल बेलबासेको इजलासले चार दिन म्याद थप्ने अनुमति दिएको कास्की जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिनुभयो । गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ गरी पोखरा ल्याइनुभएका लामिछाने त्यस यता प्रहरी हिरासतमा हुनुहुन्छ । उहाँलाई त्यसपछि उहाँलाई अनुसन्धानकै क्रममा रुपन्देही, काठमाडौँ र चितवन समेत लगेर बयान लिइएको थियो ।

## नेवाःसंस्कृतिको पुस्तान्तरण गर्न यःमरी उत्सव

**पोखरापत्र संवाददाता**
पोखरा २३ मंसिर

लेखनाथ नेवा खलको आह्वान एवं लेखनाथ नेवा मिसा पुचको आयोजनामा आगामी पुस ६ गते पोखरा महानगरपालिका-३० मा यःमरी उत्सव गरिने भएको छ।

उत्सवबारे जानकारी दिन आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा लेखनाथ नेवा मिसा पुचका संस्थापक अध्यक्ष एवं कार्यक्रम मूल आयोजक समितिका संयोजक मेनुका श्रेष्ठले नयाँ पुस्तामा नेवाःसंस्कृतिको पुस्तान्तरणका लागि उत्सव आयोजना गर्न लागिएको बताउनुभयो।

संरक्षणको अभावमा हाम्रा संस्कार र संस्कृति हराउँदै गएको बताउँदै उहाँले यःमरी बनाउने र खाने संस्कृतिको जगेर्ना गर्दै यसको प्रवर्द्धन र पुस्तान्तरण गर्न लेखनाथ क्षेत्रमा पहिलो पटक यो उत्सव गर्न लागिएको जानकारी दिनुभयो । उत्सवका क्रममा



विशेषतः यःमरीसँगै समयवजी जस्ता नेवाः संस्कृतिसँग जोडिएका परिकार उपलब्ध गराइने उहाँले बताउनुभयो ।

लेखनाथ नेवा खलःका संस्थापक अध्यक्ष प्रेम लिगलले प्राचीन संस्कार र संस्कृति हाम्रो सभ्यताका पहिचान भएका बताउँदै यिनीहरूको प्रवर्द्धन गर्दै युवा पुस्तामाझ हस्तान्तरण हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

यःमरी पुन्हीका अवसरमा खाइने यःमरीको नेवारी संस्कृतिमा विशिष्ट महत्व रहेकाले यसको पुस्तान्तरण हुनु जरुरी रहेको उहाँको भनाइ छ । गगन नेवाः खलका सचिव शरणकुमार प्रधानले प्राचीनकालदेखि लेखनाथका विभिन्न स्थानमा नेवार समुदाय बस्दै आएका बताउँदै हाल लेखनाथका विभिन्न नौवटा इकाईमा नेवाःसमूदाय सङ्गठित बनेको जानकारी दिनुभयो ।


लेखनाथ क्षेत्रमा मात्रै करिब दुई सय ४५ घरधुरी नेवार समुदायको रहेको उहाँले बताउनुभयो । लेखनाथ नेवा मिस पुचका अध्यक्ष मीना श्रेष्ठ, गणेश नेवा खलका अध्यक्ष जयराम श्रेष्ठ, शिशुवा नेवा खलका अध्यक्ष अर्जुन ताम्राकार, भीमसेन नेवा खलका अध्यक्ष लीलाबहादुर श्रेष्ठलगायत वक्ताले लेखनाथमा पहिलो पटक गर्न लागिएको यो उत्सवले नेवाः संस्कृतिको पुस्तान्तरणमा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

## दमक व्यापारिक कम्प्लेक्स आधुनिक विकासको नमुनाः प्रधानमन्त्री

**रासस**
काठमाडौं २३ मंसिर

प्रधानमन्त्री केपी शर्मा ओलीले झापाको दमक व्यापारिक कम्प्लेक्स आधुनिक विकासको नमुना भएको बताउनुभएको छ।

भव्य जनसहभागितामा एक सय मिटर अग्लो १८ तले उक्त कम्प्लेक्सको आइतबार उदघाटन गर्दै प्रधानमन्त्री ओलीले यो सञ्चालनमा आएपछि रोजगारी सृजना हुने र यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नेमा विश्वास व्यक्त गर्नुभयो । विश्वका ठूला मुलुकमा पनि आर्थिक स्रोत र पहिचानका लागि यस्ता अग्ला



भवन निर्माण भएको उदाहरण प्रस्तुत गर्दै उहाँले कम्प्लेक्स भएको क्षेत्रलाई आधुनिक सहर बनाउने घोषणा गर्नुभयो । उहाँले आफूहरुले बलिदान गरेर ल्याएको लोकतान्त्रिक व्यवस्था मास्न नदिने उद्घोष गर्दै देश चलाउने विषय अरुलाई तथ्यहीन आरोप लगाए जस्तो नहुने उल्लेख गर्नुभयो । मुख्य बजार क्षेत्रबाट चार किमी दुरीमा पर्ने सो १८ तले कम्प्लेक्स रु एक अर्ब ६३ करोड ५४ लाख ४६ हजार लागतमा निर्माण भएको हो। कूल चार बिघा १६ कठ्ठा क्षेत्रफलमा फैलिएको सो कम्प्लेक्सलाई घरेलु र विदेशी पर्यटकको प्रमुख गन्तव्यका रूपमा विकास गर्ने सरकारको अवधारणा छ।

भव्य जनसहभागितामा भएको उद्घाटन कार्यक्रममा प्रथम महिला राधिका शाक्य, उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीलगायतको सहभागिता रहेको थियो।

## कानुनका विद्यार्थीले सुने कान्छा न्यायाधीशको अनुभव

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर

जिल्ला न्यायाधीशका लागि लोकसेवा आयोगले गत वैशाखमा लिएको खुला प्रतिस्पर्धात्मक परीक्षामा ८ जनामातै उत्तीर्ण भएका थिए । जब कि ४३ जिल्लाका लागि न्यायाधीशको दर्खास्त खुलेको थियो ।

आवेदन २०३ जनाले दिएका थिए । तर लिखित परीक्षा उत्तीर्ण गर्नेमात्रै ८ भए । तिनैमध्ये एक थिए नीतिज राई । त्यसो त उनी अहिले देशभरका तीनै तहका अदालतहरुमा भएका न्यायाधीशमध्ये सबैभन्दा कान्छा हुन् । अहिलेमात्रै नभई २०४७ सालको संवैधानिक व्यवस्थापछि सबैभन्दा कान्छो उमेरमा न्यायाशीश बन्न सफल भएका हुन् राई। उनै न्यायाधीश राईले गण्डकी विश्वविद्यालयमा बिएएलएलबी पढिरहेका विद्यार्थीसँग अनुभव साटेका छन् । विश्वविद्यालयको कानुन तथा व्यवस्थापन संकायले अतिथि प्राध्यापकका रुपमा





आइतबार उनलाई निम्त्याएको थियो। उनले कानुन पढ्दा आफू पहिलो, दोस्रो नभए पनि मेहेनत गरेर न्यायाधीशको परीक्षा उत्तीर्ण गर्न सकेको सुनाए । त्यसो त न्यायाधीश हुनुअघि उनले ६ वर्ष न्याय समूहको अधिकृत बनेर सेवा गरिसकेका थिए।

कानुन समूहमा नाम निकाल्दा पनि खुब मेहेनत गर्नुपरेको अनुभव उनले सुनाए । त्यही मेहेनतको प्रतिफल लोकसेवा आयोगको कठिन परीक्षामा उनले १ नम्बरमा नाम निकाले। त्यो ६ वर्षे अनुभव र अर्को मेहेनतकै कारण कानुन समूहको उपसचिव बन्न पनि सफल भए । पढेका कुरा व्यावहारिक जीवनमा काम लाग्दै जाने उनले बताए। 'कानुन पढ्दा मानविकी पढेजस्तो पनि भएको थियो,' उनले भने, 'तर, ती विषय पछि काम लाग्ने रहेछन् ।' उनले विद्यार्थीलाई किताबी ज्ञानसँगै बाहिरी संसार घुम्न र विभिन्न सिप सिक्न विद्यार्थीलाई सुझाए । न्याय क्षेत्रको आयाम बृहत् रहेको हुँदा सामाजिक परिवर्तनबारे अद्यावधिक भइरहनुपर्ने उनको भनाइ थियो । विद्यार्थी छँदा फुर्सद पनि हुने हुँदा यही बेला धेरै सिप सिक्न र ज्ञान आर्जन गर्न सकिने उनले बताए । 'कहिले सिकेको ज्ञान र सिप कहिले काम लाग्छ भन्न सकिन्न,' उनले भने, 'कामचाहिँ लाग्छ। मैले कलेज पढ्दा गरेको मेहेनत न्यायाधीशको परीक्षामा काम लाग्यो र नाम निकाल्न सकेँ ।' मेहेनत गरेर आफूलाई तयार गरिराखेको खण्डमा अवसर आउँदा त्यो मेहेनत काम लाग्ने उनले सुनाए । 'अवसर आउँदा आफू तयार भइएन भने त्यो अवसर काम लाग्दैन,' उनले भने । राईले आफ्नो मेहेनतसँगै सफलताको श्रेय परिवार, साथीभाइ र आफ्ना अग्रजहरुलाई दिए । संगतअनुसारकै व्यक्ति निर्माण हुने भन्दै उनले साथीहरुबाट पनि धेरै सिकेको र अग्रजहरुको ज्ञान प्राप्त गरेको बताए।

न्यायाधीश राईले विद्यार्थीलाई अरुसँग आफ्नो तुलना नगर्न पनि सुझाए। तुलना गर्दा निराशा पैदा हुनसक्ने उनको विचार थियो। 'तुलना अरुसँग गर्ने पनि होइन र प्रतिस्पर्धा पनि,' उनले भने, 'प्रतिस्पर्धा आफैसँग गर्नुपर्छ, प्रत्येक दिन सिक्नुपर्छ, हरेक दिनलाई सिक्ने अवसरका रुपमा उपयोग गर्नुपर्छ।'

गण्डकी विश्वविद्यालयको कानुन तथा व्यवस्थापन संकायका डिन प्रा हिमराज गिरीले न्यायाधीश राई देशमै पनि अवसर छ र यहीं केही गर्न सकिन्छ भन्ने उदाहरण भएको हुँदा विद्यार्थीलाई प्रेरणा दिने उद्देश्य स्वरुप निम्त्याइएको जानकारी दिए। कानुन कार्यक्रमका संयोजक एसिसटेन्ट प्रोफेसर रवि सिलवालले शनि र आइतबार विदा हुने हुँदा आइतबारको दिन अतिथि प्राध्यापकहरु निम्त्याएर विद्यार्थीहरुलाई अनुभवीहरुको ज्ञान प्राप्त गर्ने अवसरका रुपमा उपयोग गरिएको बताए। न्यायाधीश राईसँग विद्यार्थीहरु सपना बोगटी, धीरज परियार, मनोज सुवेदी, दिजन राना लगायतले जिज्ञासा राखेका थिए।

**वायु प्रदुषणबाट जोगिऔं**

**वायु प्रदुषणलेः**

- फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छ,
- मुटु, रक्तसञ्चार प्रणाली, मष्तिष्कमा समेत गम्भीर असर पुऱ्याउन सक्छ,
- सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ,
- सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ।

**त्यसैलेः**

- वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय–समयमा मर्मत गरौं,
- कच्ची सडकहरू कालोपत्रे गरौं,
- घर तथा कार्यालय एवं खाली स्थानमा वृक्षारोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं : वायु प्रदुषणको असरबाट बचौं र बचाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# प्याब्सन स्पोर्टस्मा हिमालयन बोर्डिङ र सरस्वती आदर्श च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा २३ मंसिर

पोखरामा आयोजित १८ औं प्याब्सन स्पोर्टस् मिट-२०८१ मा दुई स्कुल च्याम्पियन बनेका छन् । ५ दिनसम्म चलेको स्पोर्टस् मिटमा घारीपाटनको हिमालयन बोर्डिङ स्कुल र लामाचौरको सरस्वती आदर्श विद्याश्रम समान अंकका साथ च्याम्पियन बनेका हुन् । रनिङ शिल्ड भने पहिलो वर्ष हिमालयनले लिएको प्रिन्सिपल डा. टेकनारायण पौडेलले बताए ।

आइतबार पोखरा रंगशालामा स्पोर्टस् मिट समापनमा गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले हिमालयनका डा. पौडेल तथा सरस्वतीका स्वागतमान सिंह भण्डारीलाई संयुक्तरुपमा रनिङ शिल्ड प्रदान गरेका हुन् । टिम इभेन्टतर्फ ह्याण्डबलमा दुवै स्कुल विजेता र उपविजेता भई सर्वाधिक अंक जोडेका थिए । हिमालयन गर्ल्सतर्फ पहिलो र ब्याइजमा दोस्रो हुँदा सरस्वती ब्याइजमा प्रथम र गर्ल्समा दोस्रो भएको हो । शनिबार ब्याइज फुटबल फाइनलको उपाधि बालकल्याणले जितेको छ। उसले शान्तिदीपलाई ३-१ गोलअन्तरले हरायो । गर्ल्सतर्फ भने कुमुदिनी प्रथम भएको थियो । विद्यार्थीको खेल प्रतिभाको प्रस्फुटन तथा विकासमा सहयोग पुग्ने उद्देश्यका साथ प्याब्सन कास्कीले आयोजना गरेको स्पोर्टस् मिटमा ४५ सय जना विद्यार्थीले विभिन्न इभेन्टमा भाग लिएका थिए । स्पोर्टस् मिटमा कक्षा १ देखि १० सम्मका विद्यार्थीबीच छात्रछात्रा सिनियर फुटबल, छात्र जुनियर फुटबल, छात्रछात्रा भलिबल, छात्रछात्रा ह्याण्डबल, छात्रछात्रा टेबलटेनिस र एथलेटिक्सका खेल भएको हो । कक्षा ११ र १२ का विद्यार्थीबीच छात्रछात्रा भलिबल, छात्रछात्रा बास्केटबल, छात्रछात्रा एथलेटिक्सका खेल भएको हो । प्याब्सनले स्थापनाकाल २०४७ देखि शिक्षासँगै खेलकुदको विकास गर्ने उद्देश्यले प्याब्सन स्पोर्टस् मिट आयोजना गर्दै आएको अध्यक्ष मथुराप्रसाद पौडेलले बताए । संस्थामा ९९ विद्यालय सदस्य छन् । प्याब्सन कास्कीअन्तर्गत ७५ हजार विद्यार्थी अध्ययनरत् छन् ।




प्रतियोगिता संयोजक एवं प्याब्सन कास्कीका वरिष्ठ उपाध्यक्ष उमा लामिछानेले प्रतियोगिता सफल पार्न सहयोग गर्ने सम्पूर्णमा आभार व्यक्त गरिन् । समापनमा प्रदेश प्रमुख भट्टसहित नेपाल ओलम्पिक कमिटी उपाध्यक्ष एवं प्रदेश खेलुकद परिषद् गण्डकीका संस्थापक सदस्यसचिव तेजबहादुर गुरुङ, प्रदेश खेलकुद परिषद् गण्डकीका उपाध्यक्ष धोजकुमार गुरुङ, प्याब्सनका केन्द्रीय उपाध्यक्ष कृष्ण केसी, वीरबहादुर बुढाथोकी, केन्द्रीय सल्लाहकार गणेशमान सिंह भण्डारी, माधवशरण उपाध्याय, प्याब्सनका केन्द्रीय सदस्य एवं प्याब्सन कास्कीका प्रमुख सल्लाहकार प्रेमप्रसाद शर्मा, प्याब्सन अध्यक्ष मथुराप्रसाद पौडेल, स्पोर्टस् मिट संयोजक उमा लामिछाने, एथलेटिक्स संयोजक विधान गौतम लगायतले पुरस्कार वितरण गरेका थिए ।

# अन्तर पालिका स्तरिय खुल्ला पुरुष तथा महिला बास्केटवल हुने

पोखरापत्र संवाददाता
पोखरा २३ मंसिर

प्रथम अन्नपूर्ण अध्यक्ष कप गण्डकी प्रदेश अन्तर पालिका स्तरिय खुल्ला पुरुष तथा महिला बास्केटवल प्रतियोगिता मंगलबारदेखि पोखरामा हुने भएको छ ।

अन्नपूर्ण गाँउ पालिका बास्केटल संघ कास्कीको आयोजनामा पोखरामा पहिलो पटक उक्त प्रतियोगिता हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । पोखरा रंगशालाको बास्केटवल कोर्टमा हुने यही मंसिर २९ गतेसम्म संचालन हुने प्रतियोगितामा पुरुष तर्फ १२ टिम र महिला तर्फ भने ६ टिमको सहभागिता हुने भएको संघका अध्यक्ष कृपाश्वर गुरुङले बताउनु भयो । प्रतियोगितामा बिजेता टिमले पुरुष तर्फ १ लाख १५ हजार १ सय ११ रुपैया साथमा ट्रफी, मेडल, प्रमाण पत्र प्रदान गरिने भएको छ । उपविजेतालाई ७० हजार र तेश्रो हुनेलाई ३० हजार र सेमिफाइनलका दुई टिमलाई भने जनही २० हजार पदान गरिने भएको छ । महिला तर्फ भने विजेतालाई ३० हजार, उपबिजेतालाई १५ हजार साथमा ट्रफी, मेडल, प्रमाण पत्र प्रदान गरिने भएको छ । उक्त प्रतियोगिताले बास्केटवल खेलकुदको बिकास हुने खेलकुदकर्मी अमृत गुरुङले बताउनु भयो ।ग्रामिण क्षेत्रमा खेलकुदको बिकास गर्ने, सामाजिक तथा सांस्कृतिक क्रियाकलापमा अग्रसर गराउने उद्धेश्य रहेको अध्यक्ष गुरुङले बताउनु भयो । अन्नपूर्ण गाँउपालिकाको मुख्य सहयोग हुने प्रतियोगिता सम्पन्न गर्न करिब ७ लाख खर्च हुने आयोजक संस्थाले जनाएको छ । प्रतियोगितामा ५ जिल्लाका विभिन्न पालिकाबाट टिम सहभागि हुने भएका हुन् ।

# गण्डकी अटो मेकानिक्सको अध्यक्षमा अधिकारी

पोखरापत्र संवाददाता
पोखरा २३ मंसिर

गण्डकी अटो मेकानिक्स वर्क्स एशोसिएसजको २५ औं वार्षिक साधारण तथा १५ औं अधिवेशनले विष्णु प्रसाद अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

सो समितिको निवर्तमान अध्यक्षमा सन्तोष कुमार मिश्र, वरिष्ठ उपाध्यक्षमा नवराज सुनार, उपाध्यक्ष जगन्नाथ गर्तौला, महासचिव विजेन्द्र चौधरी, कोषाध्यक्ष निहाल अन्सारी , सचिव सन्तोष राउत कर्मी, सहकोषाध्यक्ष प्रकाश गिरी रहेका छन । समितिको सदस्यहरुमा डिल बहादुर तुलाधर, एक बहादुर बानिँया, विन्दु पावे, गंगा बहादुर कुँवर, भिमसेन शाह रहेका छन ।

निर्वाचित समितिलाई निर्वाचन संयोजक वरिष्ठ अधिवक्ता माधव बास्तोलाले शपथ गराउनु भएको थियो । सो साधारण सभाको शुभारम्भ गर्दै संघीय सांसद शिव नेपालील राज्यले मेकानिक्सलाई हेर्ने दृष्टिकोण सकारात्मक नरहेकोले, मजदुर विना विकास सम्भव नभएकोले अटो व्यवसाय व्यवस्थापनका लागी पोखरामा अनिवार्य अटो ल्याण्ड आवश्यक रहेको बताए । नेपाल अटो मेकानिकल व्यवसायी महासंघका केन्द्रिय अध्यक्ष जनार्धन गैरेले व्यवस्थित शहरका लागी अटो ल्याण्ड आवश्यक रहेकोले नेपालका मुख्य शहर हरुमा व्यवस्थित ल्याण्ड विकास भैसकेकोमा पोखरामा हुन नसक्नु दुःखको विषय भएको बताए ।



एशोसियसनका अध्यक्ष सन्तोष कुमार मिश्रको सभापतित्वमा भएको कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष गोपाल भट्टराई, बाग्मती प्रदेशका संयोजक बलराम भण्डारी, रेडक्रस सोसाईटी गण्डकी प्रदेश अध्यक्ष सुर्यप्रसाद ढकाल, पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतम, पृथ्वी राजमार्ग बस समितिका अध्यक्ष योगेन्द्र के.सी, नेपाल यातायात व्यवसायी महासंघका गण्डकी संयोजक केदार पौडेल, पूर्व महासचिव ठाकुर गैरे, बुटवल इन्जिनियरिङ्गका अध्यक्ष तुल्सीराम न्यौपाने, पूर्व अध्यक्ष यमप्रसाद भुसाल, हेटौंडा समिति अध्यक्ष आनन्दराज पौडेल , सल्लाहाकार कृष्ण बहादुर थापा, वरिष्ठ उपाध्यक्ष योगेन्द्रराज भण्डारी लगाएतले धारणा राखेका थिए । कार्यक्रममा जेष्ठ सदस्य एशोसियसनका पूर्व अध्यक्ष सनत कुमार भट्टराई र पुराना व्यवसायी कुल बहादुर मगर लगाएत सहयोगीहरुलाई सम्मान गरीएको थियो । साधारण सभाले महासचिव विष्णु अधिकारी, कोषाध्यक्ष अर्जुन उप्रेतीबाट प्रस्तुत प्रतिवेदनलाई अनुमोदन गरेको थियो ।

# छोरेपाटन मावि भूपू विद्यार्थी पुर्नमिलन कार्यक्रममा डेभिजफलको चर्चा

पोखरापत्र संवाददाता
पोखरा २३ मंसिर

छोरेपाटन मावि भुपु विद्यार्थी मञ्चको आयोजनामा शनिबार भूपू विद्यार्थी पुनर्मिलन कार्यक्रममा वक्ताहरुले विद्यालयको हकभोगमा रहेको पर्यटकीय स्थान डेभिजफल छोरेपाटनबाट अलग गराउन महानगरपालिका लागेको विषयमा चर्चा भएको हो ।

विद्यालयका प्रधानाध्यापक डिल्लीराम शर्मा भुषालले पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटनमा २३ सय भन्दा वढि विद्यार्थी अध्ययनरत हरेक वर्ष अध्ययन तथा खेलकुदमा समेत गण्डकी प्रदेशमै नाम कमाउन सफल छोरेपाटन माविलाई २०३४ सालमा उपत्यका नगर विकास समितिले विद्यालयलाई तारबार लगाई संरक्षण गरी हकभोग गर्न दिएको डेभिजफलको जगा निजि कम्पनिलाई दिन खोज्नु नै गलत भएको वताउँदै महानगरपालिकाले नयाँ गन्तव्यहरुमा व्यवसायीहरुलाई लगानी आकर्षण गर्ने निति अवलम्बन गर्नुपर्ने वताए । विद्यालयका सहायकप्रधानाध्यापक तथा पुर्व विद्यार्थी खेमराज वराल ध्रुब, विद्यालय व्यवस्थापन समितिका सदस्य कमलकान्त उपाध्याय, शिक्षक अभिभावक संघका अध्यक्ष इन्द्रबहादुर खत्री, डेभिजफल जोगाउँ अभियानका अभियान्ता तथा पुर्व विद्यार्थी देवराज आचार्य, डेभिजफल क्लबका अध्यक्ष विनम गुरुङ, पुर्व विद्यार्थी तथा युवा नेता राजु क्षेत्री, लगायत पुर्व विद्यार्थीहरुले तत्कालिन अवस्थामा राज्यले स्याहार सम्भार गर्न नसकी विद्यालयलाई दिएको र विद्यालयले त्यसैलाई आय आर्जनको रुपमा विकसित गरेर विद्यालयको आय वृद्धि गरी १०० भन्दावढि करारका शिक्षकलाई तलब सुविधा दिएको स्थानलाई प्रयाप्त गृहकार्य नै नगर विद्यालयबाट अन्यत्र लैजान खोज्नुले कुनै स्वार्थ लुकेको छ कि भन्ने लागेको धारणा व्यक्त गरेका थिए । कार्यक्रम संयोजक कविता गुरुङ कविले छोरेपाटन माध्यमिक विद्यालयमा कुनै एक वर्ष अध्ययन पुरा गरेका विद्यार्थीहरुलाई संस्थाको विधानले पुर्व विद्यार्थी मानेको कारण सबै मञ्च सबै पुर्व विद्यार्थीहरुको साझा संस्था रहेको वताउँदै स्थापनाको छोटो समयमा नै धेरै कार्यहरु गरेको उल्लेख गरेकी थिइन । उनले विगतका वर्षहरुमा पनि हरेक वर्ष रमाइलो वनभोज कार्यक्रम गर्दै आएको भएता पनि गतवर्षबाट मञ्च स्थापना भएपछि सबैलाई समेटेर पुर्नमिलन तथा वनभोज कार्यक्रम गरिएको जानकारी गराइन् । छोरेपाटन मावि भुपु विद्यार्थी मञ्चका अध्यक्ष कृष्ण रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष हिमलाल उपाध्याय (पौडेल)ले र संचालन सचिव शालिकराम भण्डारीले गरेका थिए ।




# तप्राङ्मा स्वास्थ्य शिविर



पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

इनर व्हिल क्लव अफ पोखराको आयोजना तथा नेपाल परिवार नियोजन संघ कास्की शाखाको प्राविधिक सहयोगमा निःशुल्क यौन तथा प्रजनन स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

मादी गाउँपालिका वडा नं ६ तप्राङ्मा आयोजित यौनजन्य संक्रमणको परामर्श तथा परिक्षण र पाठेघरको मुखको क्यान्सर परिक्षण शिविरबाट झण्डै एक सय जना लाभान्वित भएका छन् । कार्यक्रमका लागि अमेरिका निवारी देवीरमण सापकोटाले सहयोग गर्नुभएको थियो । शिविरमा स्त्री रोग विशेषज्ञ डा चुम माया पुनले सहजिकरण गर्नुभएको थियो । शिविर उद्घाटन गर्दै मादी गाउँपालिका वडा नं ६ का वडा अध्यक्ष दिल बहादुर क्षेत्रीले सामाजिक संघ संस्थासँग समन्वय गरी अघि बढ्न तयार रहेको उल्लेख गर्नुभयो । त्यसअवसरमा नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देल र पोखरा महानगपालिका वडा नं १३ की वडा सदस्य रजनी परियारले सरकार र संघसंस्था मिलेर काम गर्दा उपलब्धि हुने उल्लेख गर्नुभयो ।

इनर व्हिल क्लव अफ पोखराका अध्यक्ष रेष्मा बैद्यको अध्यक्षतामा भएको कार्यक्रममा क्लवको संस्थापक अध्यक्ष सोनु सिग्देल, तप्राङ् स्वास्थ्य चौकी इञ्चार्ज शोभाकान्त पौडेल र महारुद्र माविका प्रधानाध्यापक डिल्लीराम देवकोटाले बोल्नुभएको थियो ।

# बगर भाईखलकको अध्यक्षमा ईश्वरमान गुरुङ

पोखरापत्र संवाददाता
पोखरा २३ मंसिर


पोखराको प्रतिष्ठित बगर भाईखलकको सातौं बार्षिक साधारण सभा तथा पाँचौं अधिवेशनले ईश्वरमान गुरुङको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । बगर भाईखलकको हालै पोखरामा सम्पन्न भएको अधिवेसनले गुरुङको अध्यक्षतामा १५ सदस्य नयाँ कार्यसमितिको निर्विरोध चयन गरेको हो ।

संस्थाको उपाध्यक्षमा यम बहादुर गुरुङ, महासचिवमा मानकाजी गुरुङ, सचिवमा गणेश सेन्चुरी, कोषाध्यक्षमा रमेश कुमार श्रेष्ठ, सह कोषाध्यक्षमा ओमकार गिरी चयन हुनु भएको छ ।

त्यसै गरी सदस्यहरूमा विजया गुरुङ, धनकुमार गुरुङ (सन्तोष), ईश्वर गुरुङ (चन्द्र), राज कुमार गुरुङ, अमित गुरुङ, देवी गुरुङ, क्याप्टेन जुमकाजी गुरुङ, भीष्म गुरुङ र राजेश गुरुङ (राजु) रहनु भएको छ। निर्वाचन अधिकृत नेपाल भूतपूर्व खेलाडी मञ्चका संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाट तथा सदस्यद्धय महेश गुरुङ र दिनेश कुमार श्रेष्ठले शनिबार सपथ ग्रहण गराउनु भएको थियो ।

यस अघि पोखरा १ का वडा अध्यक्ष सहारा प्रधानले कार्यक्रमको उद्घाटन गर्दै पोखराको फुटवल सहितको खेल क्षेत्रमा बगर भाईखलकले पुर्‍याएको योगदानको प्रशंसा गर्नु भयो ।

संस्थाका अध्यक्ष दील बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष तथा संस्थाका सल्लाहकार तेज बहादुर गुरुङ, भुपु खेलाडी मञ्चका संस्थापक खड्का बहादुर रानाभाट, सहारा यूकेका मानार्थ सदस्य महेश गुरुङ, भानुभक्त अधिकारी लगायतले खेलकुदको बारेमा चर्चा गर्नु भएको थियो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# विकास र भ्यूटावर

झापाको दमक नगरपालिकामा निर्माण भएको चर्चित भ्यू टावरको उद्घाटन भएको छ।प्रधानमन्त्री केपी शर्मा ओलीले निर्माण सम्पन्न भएको करिब एक वर्ष पछि उद्घाटन गरेका छन । प्रधानमन्त्री केपीलाई कमजोर बनाउन उत्पादन हुने ठाउँलाई भ्यू टावर बनाएर राष्ट्रिय ढुकुटीको दुरुपयोग भएको भन्दै विरोध भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको निर्वाचन क्षेत्र भएका कारण झन बढी विरोध भएको हो। बजार क्षेत्रबाट चार किमी दूरीमा रहेको उक्त १८ तले कम्प्लेक्स एक अर्ब ६३ करोड ५४ लाख ४६ हजार लागतमा बनेको छ ।

चार बिघा १६ कठ्ठा क्षेत्रफलमा फैलिएको नेपालकै अग्लो टावर रहेको सो कम्प्लेक्सलाई घरेलु र विदेशी पर्यटकको प्रमुख गन्तव्यका रूपमा विकास गर्ने सरकारको अवधारणा रहेको छ । उद्घाटनमा उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंह, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीलगायत सहभागी थिए । दमक व्यापारिक कम्लेक्समा व्यावसायिक, व्यापारिक, मनोरञ्जनात्मक, र कर्पोरेट कार्यक्रम एकै स्थानमा समायोजन गर्ने गरी डिजाइन गरिएको सहरी विकास मन्त्रालयले जानकारी दिएको छ ।

यो टावर परिसरलाई पैदल मार्ग प्रवेश एवेन्यू, प्रवेश प्लाजा, टावर, मनोरञ्जनात्मक बगैंचा, बालबालिका खेल क्षेत्र र वनस्पति बगैचामा छुट्टयाइएको छ । १५,६११ वर्ग मिटरमा फैलिएको दमक व्यापारिक कम्लेक्समा बेसमेन्ट, ग्राउन्ड फ्लोर, सहित १८ तल्लाहरू छन्, जसमाथि स्टीलको २८ मिटर टावरले कुल १०० मिटरको उचाइमा पुऱ्याउने मन्त्रालयको भनाइ छ । भवन विश्वविख्यात वास्तुकार र शहरी योजनाकार लु कोबिजियको वास्तुकलामा स्मारकत्वको अवधारणाबाट अभिप्रेरित भएर सुरूवात गरिएको हो । प्रयोजनहीनरुपमा यो कम्प्लेस ठड्याइएको भन्दै सामाजिक सञ्जालमा आलोचना हुने गरेको छ ।

प्रधानमन्त्रीले ओलीले भने सो कम्प्लेक्सले सो क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै आएका छन् । दीर्घकालका लागि सो कम्प्लेक्सले दमक क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान पुर्याउने भनेर दाबी गरिरहँदा आलोचना गर्नेहरूले भने कम्प्लेक्स नचल्ने दाबी गर्दै आएका छन्। दीर्घकाललाई सोचेर बनाएको भन्ने र छणिक हारेर विरोध गर्ने गरिन्छ। भविष्यमा राम्रोसँग चल्छ भन्ने व्यवहारबाट दिन सकेमा आलोचना कम हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# शुक्लागण्डकी कोटिहोममा भक्तजनको ओइरो

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर

पोखरा महानगरपालिका वडानम्बर १५ ढुङ्गेसाँघु, पट्नेरीमा जारी गण्डकी प्रदेशकै पहिलो ऐतिहासिक शुक्लागण्डकी कोटिहोम-२०८१ मा भक्तजनको ओइरो लागेको छ ।

कोटिहोमको छैटौं दिन स्थानीय आमा समूहको साथै रुपन्देही र स्याङ्जाबाट समेत भक्तजन आएको यज्ञ आयोजक समितिका संयोजक नारायण भण्डारीले जानकारी दिए ।

यज्ञका प्रमुख वाचक, संरक्षक तथा यज्ञ संकल्पकर्ता शोभाकान्त ढकाल (कृपालु दास) ले भक्तजनको आगमनले उत्साहित बनाएको बताए । भक्तजनको आगमनले धाम निर्माणको परिकल्पना पुरा भएको छ, ऐतिहासिक धार्मिक क्षेत्रलाई पर्यटकिय गन्तब्य बनाउने सपना पुरा हुदैंछ' उनले भने । यस स्थानमा विगतमा पनि साधुसन्त महन्त सिद्धपुरुषहरुले कोटीहोम लगाएको र अहिले करिब ३१ वर्षपछि धाम निर्माण गर्ने उद्धेश्यका साथ कोटीहोम आयोजना गरिएको हो । अबको पाचँ वर्षमा धाम विश्वको आकर्षक गन्तब्य बन्ने संकल्पकर्ता ढकालले जानकारी दिए । शनिबार सोही स्थानमा निर्माण सम्पन्न भएको शिवालय मन्दिरको उद्याटन, शवदहन स्थल (सेती नदी) जाने बाटो (सिँढी) को शिलान्यस र शिव मन्दिर प्रवेश गर्ने मुलद्धारको शिलान्यस भएको थियो ।

यस्तै शुक्रबार महतगौंडा र टुटङ्ग्यालाई जोड्ने प्राचीन प्राकृतिक पुल ढुङ्गेसाँघुको तल हहिहर भगवानले तपस्या गरेको गुफा जानका लागि पट्नेरीबाट सिँढीसहितको बाटोको शिलान्यास गरिएको थियो । यस्तै सोही स्थानमा प्रेम मन्दिरको पनि शिलान्यास गरिएको अन्नपूर्णेश्वर शिवालय शिवशक्ति धाम तथा बृहत्तर धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष मदन गिरीले जानकारी दिए । मंसिर २७ गतेसम्म कोटिहोम संचालन हुने छ ।

# पूर्व कर्मचारी बचत तथा ऋण सहकारी संस्थाको वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर




पूर्व कर्मचारी बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-७ कास्कीको शनिवार पन्ध्रौं वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

संस्थाका अध्यक्ष विष्णु प्रसाद भण्डारीको अध्यक्षता र संस्थाका संरक्षक एवम् पूर्व कर्मचारी सेवा परिषद गण्डकी प्रदेश शाखाका अध्यक्ष गिरधारी सुवेदीको प्रमुख आतिथ्यतामा सु-सम्पन्न भयो ।

उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष प्रेम प्रसाद ढकालज्यू बाट प्रमुख अतिथि, विशेष अतिथि, पत्रकार र संस्थाका शेयरधनी सदस्यहरुलाई हार्दिक स्वागत मन्तव्य राख्नुभएको थियो ।

संस्थाका संचालक समिति सदस्य तथा शिक्षा उप-समितिका संयोजक सूर्य प्रसाद बरालबाट सहकारीका ७ सिद्धान्त वाचन गर्नुका साथै अध्यक्ष विष्णु प्रसाद भण्डारी, सचिव शेखरनाथ लामिछाने, कोषाध्यक्ष राम प्रसाद भण्डारी (अनुमतिले चन्द्रकान्त पौडेल) र लेखा सुपरीवेक्षण समिति संयोजक शुकदेव नेपालबाट आ-आफ्ना प्रतिवेदनहरु प्रस्तुत गर्नुभएको थियो ।

महिला सहभागीहरुको तर्फबाट खगेन्द्रदेवी घिमिरे र पुरुष सहभागीको तर्फबाट अनन्तराज लम्सालका साथै संस्थाका पूर्व अध्यक्ष राम प्रसाद श्रेष्ठ, सल्लाहकार पीताम्बर बराल, निवर्तमान अध्यक्ष कुल प्रसाद भण्डारीबाट समेत पन्ध्रौं साधारण सभाको सफलताका लागि शुभ-कामना मन्तव्य राख्नुभएको थियो। कार्यक्रमका विशेष अतिथि एवम् कास्की बचत तथा ऋण सहकारी संघ लि.का लेखा सुपरीवेक्षण समिति संयोजक केशव प्रसाद ढकालबाट पनि महत्वपूर्ण सुझाव सल्लाहका साथै पन्ध्रौं वार्षिक साधारण सभा सफलताको शुभ-कामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा प्रस्तुत विभिन्न प्रतिवेदन उपर सहभागी शेयरधनी सदस्य छविलाल सुवेदी र राजुराज अधिकारीबाट केहि जिज्ञासा र सुझावहरु समेत प्रस्तुत भएका थिए भने शेयरधनी सदस्य नारायण ा प्रसाद वास्तोलाले सहकारी र राष्ट्र सेवक कर्मचारीको विषयमा कविता समेत वाचन गर्नु भएको थियो । उक्त कार्यक्रम संस्थाका व्यवस्थापक चन्द्रकान्त पौडेलले संचालन गर्नुभएको थियो ।

# लमजुङमा क्यान्सर स्क्रिनिङ शिविर सम्पन्न

**पोखरापत्र संवाददाता**
लमजुङ, २३ मंसिर

जिल्ला सुन्दरबजारस्थित नमूना सामुदायिक अस्पतालमा दुई दिनसम्म सञ्चालन गरिएको क्यान्सर स्क्रिनिङ शिविर सम्पन्न भएको छ ।

यही मङ्सिर २१ गतेदेखि २२ गते रातिसम्म सञ्चालन भएको शिविरमा क्यान्सर र आँखासम्बन्धी छ सय ५४ जनाले सेवा लिएका छन् । नेपाल अर्बुद रोग निवारण संस्था जिल्ला शाखा, लाइन्स इन्टरनेशन काठमाडौंको आयोजना र मानव विकास तथा सामुदायिक सर्वेक्षण (एचडिसिएस) को संयोजनमा तथ समुदायिक अस्पतालको व्यवस्थापनमा शिविर सञ्चालित शिविरमा दुई सय ४५ को क्यान्सर स्क्रिनिङ र चार सय नौ जनाको आँखाको उपचार गरिएको आयोजकले जनाएको छ । नेशनल हस्पिटल एण्ड क्यान्सर रिसर्च सेन्टर जावलाखेलका संस्थापक निर्देशक, प्रसूति तथा क्यान्सर रोग विशेषज्ञ एवं लेजरथेरापिष्ट निर्देशक डा सुशीला वैद्यले महिलामा हुने पाठेघरको मुखको क्यान्सरसहित अन्य क्यान्सरसम्बन्धी समस्याका भएकाको परीक्षण गरिएको बताउनुभयो । उहाँले सेवा लिएकामध्ये १० जना महिलाको पाठेघर खसेको पाइएको भन्दै तीमध्येमा एकजनाको पाठेघरमा 'रिङ' राखिएको जानकारी दिनुभयो । डा वैद्यका अनुसार १७ जनाको पोलिप वा पाठेघरमा मासु पलाएको फेला परेको छ । आँखाका बारेमा नेत्ररोग विशेषज्ञ विनयकुमार घिमिरे र नेत्र सहायक अर्जुन गुरुङले परीक्षण गर्नुभएको थियो । विशेषज्ञ घिमिरेले २३ जनाको मोतियाविन्दुको शल्यक्रिया गर्नुपर्ने देखिएको जानकारी दिनुभयो। उक्त शिविरमा बिरामीलाई आवश्यक औषधि र चश्मा निःशुल्क वितरण गरिएको आयोजकले जनाएको छ । शिविरमार्फ क्यान्सर र आँखासम्बन्धी सेवा पाएकामा उपस्थित स्थानीयले खुसी व्यक्त गरेका छन् । शिविरमा लमजुङ र तनहुँका बासिन्दाले सेवा लिएका थिए ।

# कवि त्रिपाठीको 'मन्दिर पनि हजुरलाई' सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर



पोखरेली श्रष्टा शिव प्रसाद त्रिपाठीको लोक आधुनिक गित सार्वजनिक भएको छ ।

पोखरामा रही प्राध्यापन र साहित्य लेखनमा क्रियाशिल त्रिपाठीले आफ्नै स्वर र शब्द रचनामा मन्दिर पनि हजुरलाई बजारमा ल्याउनु भएको हो । आफ्नै युट्युब च्यानल शिव त्रिपाठी युट्युब च्यानलमा सार्वजनिक भएको गीतमा नवराज बरालको संगीत संयोजन रहेको छ । दि ओरफेज वेभ सेभेनमा रेकर्ड गरी सार्वजनिक भएको सो गीतमा प्रेमिकाले आफ्नो प्रेमीलाई व्यक्ति गरिएको भावलाई प्रस्तुत गरिएको छ। गतसाता सार्वजनिक भएको गीत अहिले निकै चर्चित समेत भएको छ । इन्जिनियरिङ अध्ययन संस्थान पश्चिममाञ्चल क्याम्पसमा प्राध्यापन गर्नुहुने त्रिपाठी विभिन्न साहित्यिक सम्मानबाट सम्मानित भईसक्नु भएको छ। उहाँ निजगढ साहित्य सम्मान, वैजयन्ती श्रष्टा सम्मान, पल्लव साहित्य सम्मान, साहित्य संगम नुवाकोट सहित दर्जनौ संघ संस्थाबाट सम्मानित भईसक्नु भएको छ ।

पोखरा सहित देशका बिभिन्न भागमा एकल कविता वाचन गर्नुभएका त्रिपाठीका 'राख्दा रहेछन् सबैजना', 'मैले वर्षौ पछि देख्दा' लगायतका गीत निकै चर्चित छन् ।

# बगैँचाबाटै सुन्तला बिक्री भएपछि किसान उत्साहित


**पोखरापत्र संवाददाता**
बागलुङ, २३ मंसिर

धादिङका कमबहादुर तामाङ सुन्तला खरिद गर्न बागलुङको सिगाना आउनुभएको एक हप्ता भयो । उहाँले नौ सुन्तला किसानका साथ सुन्तला एकमुष्ट खरिद गरेर नारायणगढ पठाइराख्नुभएको छ । अहिले तामाङजस्ता सुन्तला व्यापारी सिगानाका सुन्तला किसानका घरघरमा पुगेका छन् ।

सिगाानको सुन्तला स्वादिष्ट भएकाले बगैँचाबाटै खरिद गरेर नारायणगढ पठाएको व्यापारी तामाङको भनाइ छ । उहाँले सुन्तला खरिदबापत एकमुष्ट रु १२ लाख किसानलाई बुझाएको बताउनुभयो । तामाङले १२ गाडी सुन्तला नारायणगढ पठाएको जानकारी दिनुभयो । "सिगानाको सुन्तला नारयणगढमा अत्यधिक माग छ, यस याममा सुन्तलाको कारोबार गरेर रु दुई-चार लाख कमाइन्छ", तामाङले भन्नुभयो, "किसानले रकममात्र बुझे भैगो, टिप्ने, स्तरीकरण गर्ने र बजारसम्म लैजाने काम हामी आफैँ गर्छौं, सुन्तला फलाउने किसानलाई बसीबसी आम्दानी छ ।"

तामाङले एउटै बगैँचालाई रु तीन लाखसम्म तिरेर सुन्तला खरिद गरेको बताउनुभयो । सुन्तला गाउँका रूपमा परिचय कमाएको सिगानाका किसना यतिबेला सुन्तला बिक्री गर्न व्यस्त छन् । सुरुमा डोके व्यापारीलाई केजीमा बिक्री गर्ने किसानले अहिले सुन्तलाको माग बढेपछि बगैँचाका सुन्तला एकमुष्ट बिक्री गर्न थालेको किसान अनन्तबहादुर खड्काले जानकारी दिनुभयो । खड्काले पहिला आफैँ टिपेर बजार पठाउनुपर्ने सुन्तला अहिले व्यापारीले बोटबाटै टिपेर लैजाने गरेको जानकारी दिनुभयो । खड्काले सुन्तला बिक्री गरेर वार्षिक रु पाँच लाख आम्दानी गर्दै आउनुभएको छ । शिक्षकबाट अवकाशप्राप्त खड्काको बगैँचामा दुई सय बोटमा लटरम्म सुन्तला फलेका छन् । खड्का मात्र होइन, सिगानाका रामप्रसाद गौतम, राधा खड्का, गङ्गा केसी, रामबहादुर, टोपबहादुर खत्री र शिवकुमार खड्कालगायतका सुन्तला ठूला सहरमा खपत हुने गरेको छ । यहाँका सुन्तला चितवन, धादिङ, काठमाडौँ, पोखरा र नारायणगढका बजारमा पुग्न थालेपछि सुन्तला किसान उत्साहित भएका छन् । सुन्तला उत्पादन गर्नसके बजारको समस्या नरहेको किसान गङ्गा केसीले बताउनुभयो । धादिङ, काठमाडौँ, पोखरा र नारायणगढका सुन्तला व्यापारीले अहिले एउटा बगैँचाको रु एक लाखदेखि पाँच लाखसम्म सुन्तला बिक्री गर्ने गरेका छन् । सिगानामा धेरै सुन्तला उत्पादन गर्ने किसान नै एक सयको हाराहारीमा छन् । यस वर्ष छिटो सुन्तला बिक्री भएको किसान अनन्त खड्काले जानकारी दिनुभयो ।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला दारसिङ दहथुम वार्ड नं. ४ बस्ने सा बहादुर गुरुङको श्रीमती देवी सरा गुरुङको निवेदन माग अनुसार निजको नेपाली नागरिकताको प्रमाण पत्रमा देवी सरा गुरुङ भएको र पतिको भारतीय पेन्सन रेकर्डमा देवी माया भई फरक पर्न गएकोले दुबै नाम थर/जम्म मिति भएको व्यक्ति एउटै हो भनि भारतीय पेन्सन कार्यालय प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालय स्याङ्जाको चलानी नं. ५७३५ मिति ०६५/०३/०३ को पत्र अनुसार जानकारी गराईन्छ ।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला दारसिङ दहथुम वार्ड नं. ४ बस्ने ताराजित गुरुङको छोरा साहाबहादुर गुरुङको निवेदन माग अनुसार निजको नेपाली नागरिकताको प्रमाण पत्रमा साहा बहादुर गुरुङ भएको र भारतीय पेन्सन रेकर्डमा सुरब बहादुर गुरुङ भई फरक पर्न गएकोले दुबै नाम थर/जम्म मिति भएको व्यक्ति एउटै हो भनि भारतीय पेन्सन कार्यालय प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालय स्याङ्जाको चलानी नं. ५७३४ मिति ०६५/०३/०३ को पत्र अनुसार जानकारी गराईन्छ ।

## डिस्चार्ज सर्टिफिकेट हराएको सूचना

**म कविराज गुरुङको** Indian Army **को पेन्सन निस्कँदाको अवस्थाको डिस्चार्ज सर्टिफिकेट हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Name : Kabiraj Gurung
Indian Army No.: JC0105671
Regt. : 8 GR Rank: Sub
PPO No. : S/22248/86
TS No : 133755
**ठेगाना : याम्दी-२५, पोखरा, कास्की**
**सम्पर्क नं. :** 9806717950

# मंगलबारदेखि प्रथम अन्नपूर्ण अध्यक्ष कप बास्केटबल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर

पोखरामा यही मंसिर २५ देखि २९ गतेसम्म गण्डकी प्रदेशस्तरीय अन्तरपालिकास्तरीय 'प्रथम अन्नपूर्ण अध्यक्ष कप' पुरुष तथा महिला बास्केटबल प्रतियोगिता हुने भएको छ।

कास्कीको अन्नपूर्ण गाउँपालिका बास्केटबल संघको आयोजनामा पोखरा रंगशाला रहेको बास्केटबल कोर्टमा 'प्रथम अन्नपूर्ण अध्यक्ष कप' पुरुष तथा महिला बास्केटबल प्रतियोगिता हुन लागेको हो। अन्नपूर्ण गाउँपालिका बास्केटबल संघले आज पोखरामा पत्रकार सम्मेलन गर्दै प्रतियोगिताबारे जानकारी दिएको हो। अन्नपूर्ण गाउँपालिका बास्केटबल संघका अध्यक्ष कृपाश्वर गुरुङले मंगलबारदेखि हुने प्रतियोगितामा




गण्डकी प्रदेशका ११ जिल्लाका पालिकाबाट सहभागिता हुन पाउने बताए।

'कृषि, पर्यटन र पूर्वाधार अन्नपूर्ण समृद्धिको आधार भन्ने नारालाई आत्मसाथ गर्दै खेलकुदको माध्यमबाट समेत गाउँपालिकालाई अगाडि बढाएका छौं, अध्यक्ष गुरुङले 'युवाहरुलाई एकजुट बनाएर अगाडि बढाउन मंसिर २५ देखि २९गतेसम्म गण्डकी प्रदेशस्तरीय प्रथम अन्नपूर्ण अध्यक्ष कप बास्केटबल प्रतियोगिता आयोजना गरेका छौं, प्रतियोगितामा गण्डकी प्रदेशका ११ वटै पालिकाबाट सहभागिता हुने विश्वास लिएका छौं।' लिक कम नकआउटको आधारमा सञ्चालन हुने गण्डकी प्रदेशस्तरीय प्रथम अन्नपूर्ण अध्यक्ष कप महिला तथा पुरुष बास्केटबल प्रतियोगितामा पुरुष तर्फको विजेताले १लाख १५ हजार १ सय ११ उपविजेताले ७० हजार र तेस्रो हुने टिमले ३० हजार रुपैयाँसहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन।

प्रतियोगितामा सहभागिता जनाउन एक टिमलाई १२ हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ। यस्तै महिलातर्फको विजेताले ३० र उपविजेताले १५ हजार रुपैयाँसहित मेडल, ट्रफी र प्रमाणपत्र प्रापत गर्नेछन्। महिलातर्फ एक टिमलाई २ हजार ५ सय रुपैयाँ शुल्क कायम गरिएको छ। विधागत पुरुषतर्फ बेस्ट डिफेन्सीप प्लेयर, बेस्ट अफेन्सीप प्लेयर र एमभिपीलाई नगद रु १५र१५ सय र अनुशासित टिमलाई नगद रु ५ हजार रुपैयाँ पुरस्कार प्रदान गर्ने आयोजकले जनाएको छ। यस्तै महिला विधागतर्फ अफेन्सीप प्लेयर र एमभिपीलाई नगद रु १५/१५ सय पुरस्कार प्रदान गर्ने आयोजनकले जनाएको छ।

# शुक्लाले गर्‍यो पत्रकार र सहयोगीलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर

शुक्ला साहित्य प्रतिष्ठान, पोखराले पत्रकार सहित सहयोगीलाई सम्मान गरेको छ।

प्रतिष्ठानले आयोजना गरेको समिक्षा तथा रचना वाचन कार्यक्रममा प्रतिष्ठानको उन्नयन र विकासमा योगदान पुर्‍याएकोमा पत्रकार शिशिर पौडेल, सराङ्गकोट साप्ताहिकका सम्पादक यदुनाथ बञ्जरा, परिवर्तन न्युजका सम्पादक प्रकाश अधिकारी, प्रमुख खबर डट कमका सह सम्पादक संजय थापा र रेडियो अकलाका स्टेशन म्यानेजर विराज शर्मा सहित पुर्व अध्यक्ष कुल वहादुर खत्री र मानार्थ सदस्य मदन वहादुर खत्री क्षत्रीलाई सम्मान गरेको हो। उनीहरुलाई प्रतिष्ठानका अध्यक्ष हरिवहादुर बरुवाल, संरक्षक प्राध्यापक कुञ्जराज थापा र साहित्यकार नरहरि भट्टराईले सम्मान गर्नुभयो। कार्यक्रममा प्रतिष्ठानले



गत वर्ष आयोजना गरेको २४ औं संस्करणको राष्ट्रिय कृष्ण भजन प्रतियोगिताको आय व्यय समेत सार्वजनिक गर्‍यो।

उक्त प्रतियोगितावाट ६ लाख बढी रकम वचत भएको सचिव दिपेन्द्र वाँनियाले जानकारी दिनुभयो।

प्रतिष्ठानका अध्यक्ष हरिवहादुर बरुवालको अध्यक्षतामा भएको कार्यक्रममा संरक्षक प्राध्यापक कुञ्जराज थापा, सल्लाहकार शिव त्रिपाठी, पोखरा १९ का वडा सदस्य विकासकुमार आचार्य, पत्रकार महासंघ गण्डकीका सचिव यदुनाथ बञ्जरा लगायतले नेपाली भाषा, साहित्य र कलाको उत्थानमा प्रतिष्ठानले पुर्‍याएको योगदानको चर्चा गरेका थिए।

कार्यक्रममा संरक्षक प्राध्यापक कुञ्जराज थापा, सल्लाहकार शिव त्रिपाठी, पुर्व अध्यक्ष नेत्र वहादुर वाँनिया, कुल वहादुर खत्री, सुमन पौडेल, वरिष्ठ उपाध्यक्ष दुर्गादेवी गौतम वस्नेत,कवि रामप्रसाद घर्मेली, सचिव दिपेन्द्र वाँनिया, मोहन सुनार लगायतले रचना वाचन समेत गर्नुभएको थियो। वरिष्ठ उपाध्यक्ष दुर्गादेवी गौतम वस्नेतले स्वागत गर्नुभएको कार्यक्रमको संचालन सचिव दिपेन्द्र वाँनियाले गर्नुभएको थियो।

# आठौँ म्याग्दी महोत्सव पुस २८ गतेदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, २३ मंसिर

बेनीमा आगामी माघमा आठौँ म्याग्दी महोत्सव तथा प्रदेशस्तरीय कृषि, पर्यटन, औद्योगिक, व्यापार मेला सञ्चालन हुने भएको छ।

आगामी पुस २८ देखि माघ ८ गतेसम्म आयोजना हुने महोत्सवको ३७ वटा उपसमिति गठन गरेर तयारीलाई तीव्र पारिएको मूल आयोजक म्याग्दी उद्योग वाणिज्य सङ्घले आज पत्रकार सम्मेलन गरी जानकारी दिएको छ। सङ्घका अध्यक्ष सुविन श्रेष्ठका अनुसार महोत्सवमा रु १० करोड बराबरको कारोबार हुने र रु एक करोड २९ लाख खर्चको अनुमान गरिएको छ।

"महोत्सव व्यापारिक तथा मनोरञ्जनका लागि मात्रै नभइ म्याग्दीमा लगानी ल्याउनका लागि पनि उपयोगी हुने अपेक्षा गरेका छौँ", उहाँले भन्नुभयो "म्याग्दीको पर्यटन, कृषि, जलविद्युत्, खनिज, वन पैदावारजन्य उद्योग ब्यवसायमा लगानी भित्र्याउन, संस्कृति संरक्षण, प्रतिभा पहिचान, प्रवर्द्धन र खेलकुदलाई पनि महोत्सवसँग जोडिएको छ।" महोत्सवमा औद्योगिक, कृषि तथा पशुजन्य उत्पादनको प्रर्दशनी, पुरुष-महिला भलिबल, बास्केटबल, विभिन्न कलाकारको प्रस्तुति रहनेछन्। पुर्ख्यौली नाच, रत्यौली गीत, भजन, म्याग्दी आइडल एकल लोकनृत्य, जनजातिका झाँकी पनि प्रर्दशनी गरिनेछ। महोत्सवका अवसरमा आयोजना गरिने अन्तरपालिका स्तरीय पुरुष भलिबल प्रतियोगिताको विजेतालाई रु. एक लाख ५१ हजार र उपविजेतालाई रु ७५ हजार एक सय पुरस्कारको व्यवस्था गरिएको छ। लोक दोहोरी गीत प्रतियोगिताका विजेतालाई रु एक लाख एक सय र उपविजेतालाई रु ६१ हजार एक सय पुरस्कार प्रदान गरिने जनाइएको छ। महोत्सव सञ्चालनबाट भएको आम्दानीबाट म्याग्दी उद्योग वाणिज्य सङ्घले स्थापना गरेको व्यवसायी हितकोषमा रु १० लाख, विपद् राहत कोषमा रु पाँच लाख जम्मा गर्ने र टिकट बिक्रीबाट हुने केही प्रतिशत रकम म्याग्दीका सामाजिक सङ्घ संस्थालाई सहयोग गरिने अध्यक्ष श्रेष्ठले बताउनुभयो।

यसअघि विसं २०५८ देखि २०७८ सम्म सात पटक म्याग्दी महोत्सव आयोजना भएको थियो। म्याग्दी र कालीगण्डकीको दोभानमा रहेको बेनी बजारमा परापूर्वकालदेखिनै माघे सङ्क्रान्ति पर्वको अवसरमा मेला लाग्ने गरेको थियो।

# 'बिरामीलाई अस्पताल लैजाने मानिस पनि पाउन मुस्किल पर्न थाल्यो'

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ मंसिर

बागलुङ्को काठेखोला गाउँपालिका-५ करलिम गाउँ बसाइँसराइले गर्दा सुनसान बनेको छ।

छरछिमेक र आफन्त बसाइँ सरेर बजार झरेपछि अहिले गाउँमा रहेका पनि निराश छन्। बसाइँ नसरेकाले पनि आफ्नो परिवारलाई सहर बजारमा राखेका छन्। युवा शक्ति विदेश हुँदा गाउँमा बूढापाकाबाहेक अन्यलाई भेट्याउन सकिन्न।

काठेखोला जिल्लामै धेरै बसाइँसराइ गर्ने ठाउँ हो। यहाँका अधिकांश युवा, जापान, कोरिया र अष्ट्रेलियामा छन् भने उनीहरुको परिवार बागलुङ, पोखरा, काठमाडौँ र चिवतन बसाई सरेका छन्। बसाइँसराइले गाउँमा हरेक वृद्धवृद्धालाई बिरामी हुँदा अस्पतालसम्म पुऱ्याउने मान्छे समय-समयमा समस्या पर्ने गरेको छ। गाउँघर झाडीले ढाकिन थालेपछि वन्यजन्तको समस्या बढ्दै गएको छ। यसले स्थानीय त्रसित बनेका छन्। गाउँमा वृद्धवृद्धा र महिला मात्रै रहेको हुँदा हिँडडुल गर्न पनि डर हुने स्थानीय मैना सुवेदीले गुनासो गर्नुभयो। श्रमशक्तिको अभावमा खेतीबारीमा खेती गर्नसमेत छोडिएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "मान्छेहरु सबै बजार झरे, गाउँमा बस्नै छोडे, पहिले कति रमाइलो थियो यो ठाउँ अहिले वीरक्त लाग्ने भएको छ, यहाँ वरपरका सबै घर खाली छन्, अर्मपर्म गरेर खेतीपाती गर्नलाई मान्छे पाइँदैनन्, पहिले मुरीका मुरी धान, मकै, कादो फल्ने बारीमा अहिले वनमारा पलाएको छ।"

स्थानीय चिरञ्जीवी कँडेलले राज्यले बसाइँसराइलाई व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। बसाइँसराइ गरेर जानेर घर खाली राख्न नपाइने नीति ल्याउनुपर्ने उहाँको भनाइ छ। अहिले गाउँमा निस्किने बाटोसमेत वनमारा र झाडीले पुरिएको कँडेल बताउनुहुन्छ। पहिलेको तुलनामा धेरै विकास भए पनि बसाइँसराइ नरोकिएको उहाँको भनाइ छ। युवा शक्ति विदेश पालयन भएका छन्। गाउँका हुने खानेहरु सेवा सुविधाको खोजी गर्दै बसाइँसराइ गरेर बजार झरेपछि गाउँमा न्यून वर्गका मानिसहरु मात्रै छ। स्थानीय सरकारले नागरिकका आधारभूत आवश्यकतालाई पूरा गर्दै गए पनि बसाइँसराइ रोकिएको छैन।

काठेखोलाको करलिम मात्र होइन जिल्लाको अन्य धेरै ठाउँबाट बसाइँसराइ गर्नेको सङ्ख्या बढ्दै गएको छ। जसले ग्रामीण क्षेत्र सुनसान भएका छन्। काठेखोला गाउँपालिकाका उपाध्यक्ष तेजबहादुर थापाले बसाइँसराइ रोक्नका लागि नागरिकलाई उद्यमसँग जोड्ने र व्यावसायिक बनाउने खालका कार्यक्रम ल्याएको बताउनुभयो। धेरैजसो गुणस्तरीय स्वास्थ्य र शिक्षाका लागि बसाइँसराइ गरेको भन्दै पालिकाले अहिले ती क्षेत्रमा लगानी गरिरहेको उहाँको भनाइ छ। गाउँमै बस्ने वातावरण तयार गर्नका लागि आफूहरु गम्भीर भएर लागेको उपाध्यक्ष थापाले बताउनुभयो।

# केराखेतीबाट वार्षिक एक करोड ५० लाख आम्दानी

**पोखरापत्र संवाददाता**
पर्वत, २३ मंसिर

जिल्लाको कुश्मा नगरपालिकास्थित ज्ञादी क्षेत्रमा व्यावसायिक रूपमा गरिएको केराखेतीबाट वार्षिक रु एक करोड ५० लाखसम्म आम्दानी भइरहेको छ।

यहाँका कृषकले धानखेती मासेर सात वर्षदेखि व्यावसायिक रूपमा केराखेती गर्दै आएका छन्। पीपलटारी र कटुवाचौपारीका ६५ कृषकले एक हजार रोपनी क्षेत्रफलमा व्यावसायिक केरा उत्पादन गर्दै आएका हुन्। विसं २०५२ मा चितवनको राप्ती किनारबाट बिरुवा ल्याएर लगाइएको केराका बोट अहिले कृषकको प्रमुख आम्दानीको स्रोत बन्दै गएको हो। सोही बीउलाई आर्थिक वर्ष २०७६/७७ देखि 'केरा ब्लक'मा विस्तार गरी व्यावसायिक उत्पादन थालिएको ज्ञादी केरा ब्लकका संयोजक बाबुराम शर्माले जानकारी दिनुभयो। रोग प्रतिरोधात्मक क्षमता बढी रहेको फुम्ने जातको केरा लगाएर कृषकले गाउँमा वार्षिक रु एक करोड ५० लाखसम्म भित्र्याउने गरेका उहाँले बताउनुभयो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत केरा ब्लकका रूपमा यस क्षेत्रलाई विस्तार गरेपछि यहाँका कृषक केराखेतीतर्फ आकर्षित भएका संयोजक शर्माले उल्लेख गर्नुभयो। जिल्लास्थित परियोजना कार्यान्वयन इकाईमार्फत कृषकहरूलाई केराका बिरुवा, यान्त्रिकरण, विषादी, प्राविधिक सहयोगका साथै केरा रोप्न अनुदानलगायतमा रु ८१ लाख सहयोग गरिएको उहाँले जानकारी दिनुभयो। अनुदानमा बिरुवा पाएपछि कृषकहरू धान, कोदो छाडेर केराखेतीमा आकर्षित भएका केरा ब्लकका संयोजक शर्माले बताउनुभयो। उहाँका अनुसार यहाँ उत्पादित केरा सदरमुकाम कुश्मा, बागलुङ, साइकलचोक, फलेबास, मालढुङ्गा, पातीचौरलगायत बजारमा खपत हुने गरेको छ। गाउँमा पक्की सडक विस्तार भएकाले बिक्रीका लागि बजार लैजानुपर्ने अवस्था नरहेको कृषक दीपक सुवेदीले बताउनुभयो। केरा व्यापारी गाडी लिएर केराको बगैँचासम्म आउने र सिधै लोड गरेर लैजाने भएकाले बजारीकरणको समस्या नरहेको उहाँले उल्लेख गर्नुभयो।

युवापुस्ताको विदेश पलायनसँगै बाँझिदै गरेको जमिनमा केराखेती गरेपछि नियमित आम्दानी हुनुका साथै जमिन उर्वर बनेको कृषक शोभनाथ लामिछानेले बताउनुभयो। उहाँका अनुसार एउटै बोटमा चार सय कोसासम्म केरा फल्ने गरेका छन्। हरेक कृषकले न्यूनतम रु ५० हजारदेखि रु तीन लाखसम्म आम्दानी गर्दै आएको उहाँले जानकारी दिनुभयो। कम जनशक्ति, न्यून लागत र एकपटक लगाएपछि वर्षौंसम्म फाइदा लिन सकिने भएकाले गाउँका अधिकांश कृषक केराखेतीमा लागेका कृषक लामिछानेले बताउनुभयो। प्रत्येक कृषकले न्यूनतम पाँचदेखि १० रोपनीसम्म क्षेत्रमा खेती गरिरहेका छन्। केरा बिक्री गरेर मात्रै धेरै आम्दानी नसकिएको भन्दै कृषकले वैकल्पिक योजना बनाएका छन्। केराको रेसाबाट धागो, पात र बुङ्गोबाट टपरी बनाएर स्थानीय महिलालाई पनि स्वरोजगार बनाउने तयारी भइरहेको कुश्मा-१० पीपलटारीका वडाध्यक्ष रामचन्द्र सुवेदीले जानकारी दिनुभयो।

कृषकलाई गत वर्ष केराको अचार उत्पादनसम्बन्धी तालिम पनि दिइसकिएको भन्दै कतिपयले अचार बनाएर बिक्री गर्न थालेका उहाँले बताउनुभयो। कृषकहरू केराखेतीबाट पूर्ण रूपमा आत्मनिर्भर भइनसकेका बताउँदै वडाध्यक्ष सुवेदीले केराको फलका साथै थाम, पात र बुङ्गो प्रशोधन गर्न आवश्यक तालिम र यन्त्र उपकरणको माग सङ्घीय सरकारसँग गरिएको जानकारी दिनुभयो। केराखेती विस्तार गरिएपछि गाउँमा जग्गा बाँझो हुनेक्रम हट्दै गएको बताउँदै कृषकहरूलाई प्रोत्साहन नगरपालिकाले विभिन्न योजनाहरू बनाइरहेको उहाँले उल्लेख गर्नुभयो।

# तनहुँका ४५ प्रतिशत नागरिक स्वास्थ्य बिमामा आवद्ध

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ मंसिर

जिल्लामा ४५ प्रतिशत नागरिक स्वास्थ्य बिमामा आवद्ध भएका छन्। जिल्लास्थित स्वास्थ्य बिमा बोर्डका अनुसार जिल्लाका तीन लाख २१ हजार एक सय ५३ जनामध्ये एक लाख ४५ हजार सात सय ९८ जना स्वास्थ्य बिमामा आवद्ध भएका हुन्।

विपन्न नागरिकतर्फ दुई हजार पाँच सय ८९ परिवार र साधारणतर्फ २४ हजार आठ सय ८६ परिवारको स्वास्थ्य बिमा गरिएको कार्यालयका संयोजक सिर्जना पोखे्रलले जानकारी दिनुभयो। उहाँका अनुसार १९ हजार नौ सय ३३ ज्येष्ठ नागरिक, एक सय ८७ एचआइभी सङ्क्रमित, चार जना क्षयरोगी, छ सय ५५ अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य बिमा भएको छ। अझै ५५ प्रतिशत नागरिक बिमाको पहुँच बाहिर रहेकाले जनचेतना जगाएर आवद्ध गराउने योजना रहेको संयोजक पोखे्रलले बताउनुभयो। जनचेतनाको कमी र गरिबीका कारण अझै पनि ठूलो जनसङ्ख्या स्वास्थ्य बिमामा आवद्ध हुन नसकेको उहाँको भनाइ छ। सर्वसाधारणले प्रथम सेवा विन्दुमा विशेषज्ञ स्वास्थ्यकर्मी, औषधि र उपकरणको पर्याप्त सुविधा नहुँदा सबै प्रकारका स्वास्थ्य सेवा लिनबाट बञ्चित भएका संयोजक पोखे्रलको बुझाइ छ। उहाँका अनुसार जिल्लामा स्वास्थ्य बिमामा आवद्ध भएकालाई प्रथम सेवा विन्दु छ वटा रहेका छन्। पुरनडिही प्राथमिक स्वास्थ्य केन्द्र, भिमाद प्राथमिक स्वास्थ्य केन्द्र, बन्दीपुर अस्पताल, जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्र, दमौली अस्पताल र आँबुखैरेनी अस्पतालबाट सर्वसाधारणले स्वास्थ्य बिमाको सुविधा पाउने गरेका उहाँले जानकारी दिनुभयो। स्वास्थ्य बिमा कार्यक्रममा सहभागी हुन पाँच जनासम्मको परिवारले वार्षिक रूपमा रु तीन हजार पाँच सय तिर्नुपर्दछ। परिवारमा पाँच भन्दाबढी सदस्य भएमा प्रति सदस्यको रु सात सयका दरले थप रकम तिर्नुपर्ने प्रावधान रहेको संयोजक पोखे्रलले जानकारी दिनुभयो।


## राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
### गण्डकी प्रदेश
### सूचना केन्द्र संयोजक माग सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०८/२४

गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, गण्डकी प्रदेशसँगको समन्वयमा प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा सञ्चालन गर्नका लागि सेवा करारबाट कर्मचारी व्यवस्थापन गरिने भएकोले गण्डकी प्रदेश भित्रका १८ वर्ष पूरा भएका इच्छुक अपाङ्गता भएका व्यक्तिले मिति २०८१/०९/०१ गतेसम्म तपसिल बमोजिमका कागजातहरू सहित यस कार्यालयमा आवेदन पेस गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | माग पद | संख्या | उम्मेदवारहरूले पेस गर्नुपर्ने कागजातहरू |
|---|---|---|---|
| १. | सूचना केन्द्र संयोजक | १ | •सम्बन्धित व्यक्तिको निवेदन<br>•नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र अपाङ्गता परिचय पत्रको प्रतिलिपि<br>•मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा +२ परीक्षा वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि<br>•अपाङ्गता क्षेत्रमा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको विवरण खुल्ने प्रमाणित कागजात<br>•कम्प्युटर, माइक्रो सफ्ट प्याकेज, ई-मेल, इन्टरनेट सम्बन्धी राम्रो ज्ञान भएको |

**(नोटः अपाङ्गता परिचयपत्रको हकमा साबिकको महिला, बालबालिका कार्यालय तथा जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने परिचयपत्रलाई मान्नेता दिइने छैन।)**

**सम्पर्क नम्बरः** ९८४६८५२८००/ ०६१-५८८७५८
**ठेगानाः** रत्नचोक-७, पोखरा (मुख्यमन्त्री कार्यालय नजिक)
**ई-मेलः** gandaki@nfdn.org.np